# अरुण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः १२ मितिः २०८१/०३/१८

### भाग-१

### अरुण गाउँपालिका

अरुण गाउँपालिका, भोजपुरको

## सहकारी ऐन (पहिलो संशोधन), २०७५

(गाउँ सभाबाट स्वीकृत मितिः २०८१/०३/१७)

आज्ञाले

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

## अरुण गाउँपालिका, भोजपुरको

# सहकारी ऐन (पहिलो संशोधन), २०७५

गाउँ सभाबाट स्वीकृत मितिः २०८१/०३/१७

**प्रस्तावनाः-** अरुण गाउँपालिका, भोजपुरको सहकारी ऐन, २०७५ लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले गाउँपालिकाले यो ऐन बनाइ लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम अरुण गाउँपालिकाको सहकारी ऐन (पहिलो संशोधन), २०७५ रहनेछ ।

२. यो ऐन राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

३. (क) परिच्छेद २ को दफा ३ को उपदफा ५ आवश्यक नहुने भएकोले हटाइएको ।

(ख) परिच्छेद २ को दफा १० मा बढी कार्यक्षेत्र भनिएकोमा बाहिर कार्यक्षेत्र भनिएको ।

(ग) परिच्छेद- २ को दफा ११ मा सहकारी संस्थाहरुको वर्गीकरण

(१) उत्पादक संस्थाः

(२) उपभोक्ता संस्थाः

(३) श्रमिक संस्थाः

(४) बहुउद्देश्यीय संस्था

(५) वित्तीय संस्था (बचत तथा ऋण) छुटेकोले थप गरिएको।

४. परिच्छेद ३ को दफा १६ मा वित्तीय कारोवारको कार्य थप गरिएको।

५. (क) परिच्छेद ७ को दफा ४० मा संस्थाको सन्दर्भ ब्याजदर संघीय कानून बमोजिम रजिष्ट्रारले तोक्ने भनिएकोमा दर्ता अधिकारीले तोक्ने गरी संशोधन गरिएको ।

(ख) परिच्छेद ७ को दफा ४१ मा व्यक्तिगत बचतको सिमा ३ लाख भनिएकोमा संस्थाको विनियममा व्यवस्था भए बमोजिम हुने गरी संशोधन गरिएको ।

(ग) परिच्छेद ७ को दफा ४४ लाई प्रष्ट गरी ऋण अनुदानको स्वीकृति सम्बन्धित संस्थामा निहित रहने भनि प्रष्ट गरिएको ।

(घ) परिच्छेद ७ पछि परिच्छेद ८ थप गरी देहाय बमोजिम उल्लेख गर्ने गरी मुल ऐनको परिच्छेद मिलान गरिएको।

६. सहकारी संस्थाहरुलाई व्यवस्थित गरी परिचालन तथा नियमन गर्न देहाय बमोजिम गाउँपालिका स्तरीय ७ सदस्यीय सहकारी बोर्ड रहने।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) क्रियाशील सहकारी संस्थामध्येबाट गाउँ कार्यपालिकाले मनोनयन गरेका १ महिला सहित २ जना - सदस्य

(ङ) गाउँपालिका अध्यक्षले मनोनयन गरेको कार्यपालिकाको महिला १ जना - सदस्य

(च) सहकारी इकाई हेर्ने कर्मचारी -सदस्य सचिव

७. सहकारी बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) स्थानीय स्तरमा सहकारिताको माध्यमबाट सहकारी संस्थाहरुको प्रवर्धन एवं विकासको लागि आवश्यक नीतिहरु तर्जुमा गरी सो को कार्यान्वयन गर्न गा उँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ख) सहकारी विकास सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमाको लागि गाउँपालिकालाई आवश्यक सहयोग पुऱ्याउने र नीतिहरु कार्यान्वयन गर्ने. गराउने ।

(ग) सहकारी विकास सम्बन्धी आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने

(घ) सहकारी संघ-संस्थाहरुलाई सुलभ तरीकाबाट ऋण वा अनुदान प्रदान गर्ने उद्देश्यले एक सहकारी विकास कोष खडा गरी सो कोषबाट सहकारी संस्थालाई विकासमूलक कार्य सञ्चालन गर्नको लागि आवश्यक पूँजी उपलब्ध गर्ने, गराउने

(ङ) सहकारी संस्थाहरुको विकास सँग सम्बन्धित कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था मिलाउन तथा सहकारी संस्थाहरुको प्रवर्धन तथा संरक्षण गर्न प्राविधिक सहयोग उपलब्ध गर्ने, गराउने ।

(च) विभिन्न निकाय, सहकारी संस्था तथा गैह्र सरकारी संस्थाहरु बिच सामन्जस्य स्थापना गरी त्यस्ता संस्थाहरुलाई व्यवसायमूलक कार्यक्रममा बढी प्रोत्साहित गराउन समन्वयात्मक सहयोग पुऱ्याउने ।

(छ) सहकारी विकास सम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने ।

८. परिच्छेद १५ को दफा ६५ मा एकीकरण र विभाजन गर्दा दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्दछ भनिएकोमा ५१ प्रतिशत बहुमतबाट गर्ने भन्ने संशोधन गरिएको ।

**आज्ञाले**

**मणिराम खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**